म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३१० २०८० असोज १९ गते शुक्रबार 6 October 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

धार्मिक–साँस्कृतिक सहिष्णुता कायम राखौँ

एक–अर्काको धर्मसंस्कृति,रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौँ ।
एक–आपसमा भेद्भाव नगरौँ, धार्मिक–साँस्कृतिक सहिष्णुता कायम राखौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गीताधर्ममा सूचना लुकाएर शिक्षक नियुक्ति




समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-७, सुकौरास्थित गीताधर्म आधारभूत विद्यालयले शिक्षक नियुक्तिको प्रक्रियामा सार्वजनिकरुपमा सूचना प्रकाशन नगरी शिक्षक नियुक्ति गरेको पाइएको छ। खुला प्रतिस्पर्धा गराई योग्य र सक्षम शिक्षक नियुक्त गर्न सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने आवश्यकताविपरित शिक्षा विकास तथा समन्वय इकाई र गाउँपालिकालाई बुझाउनका लागि मात्रै सूचना प्रकाशित गरेको फर्जी पत्रिका तयार पारेर विद्यालयले सार्वजनिक सूचना नै नगरी शिक्षक नियुक्त गरेको पाइएको छ।

विद्यालयले सार्वजनिक सूचना नै नगरी राहत कोटाअन्तर्गत निमावि अंग्रेजी विषयको एकजना र प्राथमिक तहको एकजना शिक्षक नियुक्त गरेको छ। शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरबाट असार २१ गते शिक्षक नियुक्तिको प्रक्रियाका लागि अनुमति पाएको विद्यालयले साउन ३ गते हेटौँडा सन्देश दैनिकमा सूचना प्रकाशित भएको प्रमाण पालिका र समन्वय इकाईमा पेश गरेको छ। साउन ३ गतेको मितिमा हेटौँडा सन्देश दैनिकले अतिरिक्त पृष्ठ क मा सूचना प्रकाशित गरेको विवरण विद्यालयले शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरमा बुझाएको पाइएको छ।

जिल्ला हुलाक कार्यालयमा दर्ता भएको हेटौँडा सन्देशमा भने अतिरिक्त पृष्ठ समावेश गरिएको छैन। हेटौँडा सन्देश दैनिकले नियमित पृष्ठमा अतिरिक्त पृष्ठ प्रकाशन गरिएको भन्ने पनि जनाएको छैन । गीताधर्म आधारभूत विद्यालयका प्रधानाध्यापक गोकुल लम्सालले भने शिक्षक नियुक्तिको प्रक्रिया नियमसंगतरुपमा भएको दावी गर्नुहुन्छ । गाउँपालिका, वडा कार्यालय, विद्यालयमा सूचना टाँस गर्नुपर्ने र पत्रिकामा प्रकाशित गर्नुपर्ने सूचना प्रकाशित गरिएको प्रधानाध्यापक लम्सालले दावी गर्नुहुन्छ।

विद्यालयले सूचना लुकाएको विषयमा जानकारी गराउँदा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी नेपाली, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्की, वडा अध्यक्ष सूर्यबहादुर रुम्बा र शिक्षा शाखाका प्रमुख राम घलानले नियुक्तिको प्रक्रियाका बारेमा विद्यालयसँग बुझ्ने प्रतिक्रिया दिनुभएको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी अधिकृत उन्नति ढकालले पनि नियुक्तिको प्रक्रियाका बारेमा आशंका भए आवश्यक छानविन गर्ने प्रतिक्रिया दिनुभएको छ।

शिक्षा विकास तथा समन्वय इकाईबाट स्वीकृति पाएको १३ दिनपछि मात्रै सूचना प्रकाशित गर्नु र सूचना प्रकाशित भएको मितिले आवेदन दिने म्यादको अन्तिम दिनको भोलिपल्ट नै परीक्षा सञ्चालन गरेर साउन २१ गते आइतबार हतार-हतार शिक्षक नियुक्त गर्नुले प्रक्रियाविपरित शिक्षक नियुक्ति भएको बुझ्न सकिन्छ । प्रतिस्पर्धाको अवसरबाट बञ्चित हुनुपरेपछि अनियमितताको आशंकामा सूचना दिने स्रोतले भने लाखौं रुपैयाँ रकम बुझेर प्रधानाध्यापक गोकुल लम्सालले सूचना लुकाएर शिक्षक नियुक्त गरेको आरोप लगाएका छन् । विद्यालयले निमावितर्फ जयन्ती अधिकारी र प्रावितर्फ उर्मिला न्यौपानेलाई नियुक्त गरेको छ। गीताधर्म आधारभूत विद्यालय प्रधानाध्यापक गोकुल लम्साल एकीकृत अखिल नेपाल शिक्षक संगठनको केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला सहइन्चार्ज समेत हुनुहुन्छ।

## ट्रकको ठक्करबाट दुई विद्यार्थीको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको गजुरी गाउँपालिका-२, मझुवामा ट्रकको ठक्करबाट दुई जना विद्यार्थीको मृत्यु भएको छ । मृत्यु हुनेमा सिद्धलेक गाउँपालिका-६ का १४ वर्षीय निर्मल श्रेष्ठ र १५ वर्षीय सञ्जीव श्रेष्ठ रहेका छन् । उनीहरुको घटनास्थलमै मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार बिहान ६ बजेर ४५ मिनेटको समयमा बाटो काट्ने क्रममा ट्रकले ठक्कर दिँदा दुबै जनाको घटनास्थलमा नै मृत्यु भएको थियो । मृतक दुबै विद्यार्थी बागेश्वरी माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्यनरत थिए। घटनापछि स्थानीयले क्षतिपूर्तिको माग गर्दै पृथ्वी राजमार्गमा यातायात सेवा बन्द गराएका थिए । मृतकको शव ४ बजेर ४५ मिनेटको समयमा बुबाले बुझी लगेको प्रहरीले जनाएको छ । ट्रक चालक अशोक बम्जनलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## समाजवादी जागरण आभियानको टोली आज हेटौंडामा

समाज संवाददाता

हेटौंडाः नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को मेची-महाकाली समाजवादी जागरण अभियान टोली आज शुक्रबार हेटौंडा आइपुग्ने भएको छ । पार्टीले रोजगारी, समृद्धि र सुशासनको नारा लिएर मेची-महाकाली समाजवादी जागरण अभियानको सुरुवात गरेको हो ।

बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै नेकपा एकीकृत समाजवादी मकवानपुरले मेची-महाकाली समाजवादी जागरण अभियानको टोली शुक्रबार हेटौंडा आइपुग्ने जानकारी दिएको हो। अभियान क्रममा हेटौंडाको सीमाचोकमा जनसभाको आयोजना हुनेछ। जनसभामा पार्टी अध्यक्ष माधवकुमार नेपाल, पार्टीका नेता झलनाथ खनाल, पार्टी महासचिव घनश्याम भुसालले सम्बोधन गर्नुहुनेछ ।

सामजवादीले आम नागरिकमा देशको वर्तमान अवस्था, आगामी दिनमा पार्टीले लिने रणनीति, कार्यदिशा आम नागरिकमा जानकारी गराउन अभियान सञ्चालन गरेको हो । असोज १४ गते पूर्वको काँकडभिट्टाबाट सुरु भएको अभियान असोज २९ गतेसम्म सञ्चालन हुनेछ ।

## अवैध सामान बरामद

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध सामान बरामद गरेको छ। प्रदेश प्रहरी कार्यालय हेटौँडाले दिएको जानकारीअनुसार बुधबार राती ११ बजेर ५० मिनेटको समयमा सर्लाहीबाट काठमाडौं जाँदै गरेको ना ६ ख ७०९९ नम्बरको बसमा सुरक्षाजाँच गर्दा बसमा लुकाई ल्याएको ६० हजार ६ सय रुपैयाँ बराबरको सामान फेला पारेको थियो । बसबाट प्रहरीले ४० प्याकेट चकलेट र ३५ जोर जुत्ता फेला पारेको थियो। अवैध सामान नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाइएको प्रहरीले जनाएको छ।

## भुटनदेवी माविका शिक्षक हस्तलेखन कार्यशालामा



हस्तलेखन कार्यशालामा सहभागी शिक्षकहरु ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित भुटनदेवी माविका शिक्षकहरु हस्तलेखन कार्यशालामा सहभागी भएका छन् । बुधबार, बिहिबार र शुक्रबार तीनदिनका लागि शिक्षकहरु कार्यशालामा सहभागी छन् । विद्यालयका ४० जना शिक्षक कार्यशालामा सहभागी छन् ।

शिक्षकसँगै विद्यार्थी पनि हस्तलेखन कार्यशालामा सहभागी छन् । विद्यार्थीका लागि गत शुक्रबारदेखि कार्यशाला सुरु गरिएको विद्यालयकी शिक्षक संगीता उप्रेतीले जानकारी दिनुभएको छ । हस्तलेखन कार्यशालामा ७ कक्षादेखि १० कक्षासम्मका नौं सय विद्यार्थी सहभागी छन् । कार्यशालामा अमीर महतको नेतृत्वमा ४ जना प्रशिक्षकले सहजीकरण गरिरहेका छन् । सुन्दर र स्पष्ट हस्ताक्षर प्रभावशाली व्यक्तित्व तथा अभिव्यक्तिका लागि अनिवार्य हुने भएकोले विद्यालयले कार्यशालाको आयोजना गरेको शिक्षक उप्रेती बताउनुहुन्छ।

## सरकार कमाउ धन्दामा लाग्यो: सचेतक बर्तौला

काठमाडौंः नेकपा एमालेका सचेतक महेश बर्तौलाले मुलुक धार्मिक युद्धतर्फ जानसक्ने खतरा देखिएको बताएका छन् । बिहीबार संसद भवन परिसरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् ।

उनले वर्तमान सरकारले सुरुदेखि नै संविधानलाई किर्ते गर्ने काम गरेको बताए । उनले भने, ‘यो सरकारले संविधानलाई किर्ते गर्ने काम सुरुदेखि नै गरेको छ। नागरिकता विधेयकका नाममा, अघिल्लो संसदले अघिल्लो सभामुखले, अघिल्लो राष्ट्रपतिलाई पठाएको विषयलाई वर्तमान संसदलाई छलेर यो सरकारले वर्तमान राष्ट्रपतिलाई किर्ते गर्न लगाएको छ ।’

उनले सरकार कमाउ धन्दामा लागेको आरोप लगाए । उनले सरकारको संलग्नतामा कयौँ मेट्रिकटन चिनी अवैध ढंगबाट कालोबजारी भइरहेको बताए । उनले सरकारको नालायकीपनले मुलुक अफठ्यारोमा फसेको पनि बताए ।

‘आज मुलुकको हर क्षेत्र तहसनहस भएको छ । अर्थतन्त्र डामाडोल भएको छ। साम्प्रदायिक द्वन्द्व एकपछि अर्को बढ्न थाल्यो। धार्मिक युद्धतर्फ मुलुक जानसक्ने खतरातर्फ गइसक्यो । यो खालको चरम बेथिति छ । कमाउ धन्दामा मन्त्रीहरु लागेका छन्।’ सचेतक बर्तौलाले सत्तासिन दलका कार्यकर्ता छानिछानी सरकार टिकाउनका लागि क्रुरताका साथ सरकारले मानव अधिकार उल्लंघनका दोषीलाई कैद मिनाह गरेर छुटाइरहेको बताए। *(स्रोत: अनलाइनखबर)*

## नवउद्यम कार्यशाला बुटक्याम्प सम्पन्न



हाटबजारमा अवलोकन गर्दै ।

समाज संवाददाता

हेटौँडाः उद्योग संघ मकवानपुरले स्थापना गरेको एम स्टार्ट-अप बिजनेश इन्कुबेशन सेन्टरद्वारा आयोजित पाँच दिने नवउद्यम कार्यशाला बुटक्याम्प बिहिबार सम्पन्न भएको छ। ४ दिन कार्यशालामा उद्यम, व्यवसायका विविध पक्षमा विचार, विमर्श र अभ्यासपछि बिहिबार हाट बजारको आयोजना गरेर कार्यशालाको समापन गरिएको हो ।

बुटक्याम्पमा सहभागी हुन आवेदन दिएका मध्येबाट उपयुक्त व्यावसायिक योजना प्रस्ताव गर्ने, व्यवसाय गरिरहेका समूहलाई सहभागी गराइएको थियो । उद्योग संघ मकवानपुरका निवर्तमान अध्यक्ष लेखराज पोखरेलको संयोजकत्वमा आयोजित बुटक्याम्पलाई सहयोगी संस्था अन्तरप्रेरणा नेपाल प्रालिका अशिम श्रेष्ठ र अमीर महर्जनले सहजीकरण गर्नु भएको थियो । बुटक्याम्पमा ब्याण्ड लजिकका सिईओ रोशन निरौलाले डिजिटल मार्केटिङ, आन्तरिक राजश्व कार्यालयका अधिकृत मनिष कुमार महतोले कर व्यवस्था र एशियन पेन्ट्स नेपाल प्रालिका रमन खनालले प्रतिस्पर्धी विश्लेषण सम्बन्धी प्रस्तुती दिनु भएको थियो भने मकवानपुर बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख डा. यम बहादुर सिलवाल र सिद्धार्थ बैंकका हेटौंडा शाखाका प्रबन्धक अर्पण सञ्जेल, विभिन्न उद्योगीहरुले श्रोतव्यक्तिका रुपमा सहयोग गर्नु भएको थियो ।

पाँचौ तथा अन्तिम दिनमा बिहिबार आयोजना गरिएको हाट बजारमा बुटक्याम्पमा सहभागी उद्यमी, व्यवसायीले आफ्ना उत्पादन र सेवाको प्रदर्शनी गरेका थिए । हाट बजारमा सहभागीहरुले व्यवसायको परीक्षण गर्नुका साथै सम्भावित ग्राहक, लगानीकर्ता तथा मेन्टर सँग जोडिने मौका पनि पाएका थिए । बिहिबार बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म आयोजित हाट बजारलाई दुइ सय जना भन्दा बढीले अवलोकन गरेका थिए।

हाटबजारमा १५ जनाले आआफ्ना उद्यम तथा व्यवसायका बारेमा अवलोकनकर्तालाई जानकारी गरएका थिए। कार्यक्रमको अन्त्यमा उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागत राज प्याकुरेल तथा हेटौँडा स्कुल अफ म्यानेजमेन्ट र नवोदय स्कुलका संचालक दिपेश जोशीले सहभागिलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

सूचना !!! सूचना !! सूचना !

हेटौँडा उपमहानगरपालिका एवम् हेटौँडास्थित विभिन्न कार्यालय र संघ, संस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसँगको सञ्चारलाई सहजीकरण गर्न हेटौँडा उपमहानगरपालिका र मकवानपुर बहिरा संघको साझेदारीमा साङ्केतिक भाषा सहजीकरणका लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

**सम्पर्कका लागि**
महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं: ०५७-५९०१०३
अम्बिका घिमिरे:- ९८२१८५२६३३ (दोभाषे)

हेटौडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
हेटौडा, मकवानपुर

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

## सम्पादकीय

# उत्पादनको बजारीकरण

मुलुकमा अहिले संघ, प्रदेश तथा स्थानीय गरी तीन तहको सरकार छ । यी सबै सरकारले पछिल्लो समयमा प्रत्यक्ष अनुदानका कार्यक्रमहरु गरिरहेको छ । प्रदेश र स्थानीय सरकारले विशेषगरी कृषिलक्षित अनुदानका थुप्रै कार्यक्रम सञ्चालन गर्दै आएका छन् । विभिन्न प्रकारका पशुपालन तथा व्यावसायिक खेतीका लागि किसानलाई अनुदान दिने नीति तथा कार्यक्रम सरकारको छ । किसानलाई कृषि कार्यका लागि सहयोग गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको यस्ता कार्यक्रम लक्षित वर्गसम्म पुग्न नसकेको गुनासो समयसमयमा आउने गरको छ । यसको साथै अनुदान वितरण गरिएपछि त्यसको सदुपयोग र उपादेयताबारे खासै सोधखोज हुने गरेको छैन । सरकारले वर्षेनि अरबौं रुपैयाँ अनुदानको रुपमा वितरण गरिरहँदा पनि लक्षित वर्ग, क्षेत्र लाभान्वित हुन सकेका छैनन् । घोषित र सम्पादित अनुदानका कार्यक्रमहरु सफल नहुँदा पनि वर्षेनि अनुदानका कार्यक्रमले निरन्तरता पाउनुलाई भने अर्थपूर्णरुपमा हेर्नुपर्ने देखिएको छ । लक्षित व्यक्तिसम्म अनुदान पुग्न नसक्दा र दिइएका अनुदानको सदुपयोग हुन नसक्दासमेत विभिन्न तहका सरकारले अनुदान वितरणलाई निरन्तरता दिइरहनु कतिको उचित होला ?

स्थानीय तथा प्रदेश सरकारले आफूअनुकूल र पहुँचवाला व्यक्तिलाई जथाभावीरुपमा अनुदान वितरण गर्ने गरेको गुनासो व्यापक पाइन्छ । यसरी आफ्नालाई अनुदान वितरण गरिँदा त्यसको दुरुपयोग हुने सम्भावना अत्यधिक रहन्छ । केही समयअघि बागमती प्रदेश सरकारले दुग्ध उत्पादक कृषकका लागि ल्याएको अनुदानले लक्षित वर्गलाई समेटन् नसकेको भन्ने व्यापक गुनासो आएको थियो । अहिले स्थानीय सरकारले दुग्ध उत्पादक किसानलाई दिँदै आएको अनुदानबाट पनि किसान लाभान्वित हुन नसकेको समाचार आएको छ । देशभरका पालिकाले जस्तै मकवानपुरका १० वटै पालिकाले किसानलाई दूधमा अनुदान बाँडिरहेको छ । पालिकाले सूचना प्रकाशित गरी किसानलाई अनुदान लिन आग्रह गरिरहँदा किसान भने उत्पादन भएको दूध नबिकेर, बेचिसकेको दूधको पैसा नउठेर तनावमा छन् । स्थानीय सरकारले दूध उत्पादन गर्नेलाई प्रतिलिटर एक–दुई रुपैयाँ अनुदान वितरण गर्नुभन्दा उत्पादित दूधको उचित बजारीकरणको व्यवस्था गर्नुपर्ने माग उठिरहेको छ ।

अहिले जिल्लामा दूध उत्पादन गर्ने किसानबाट दूध संकलन र बिक्री गर्दै आएको जिल्ला दुग्ध उत्पादक सहकारी संघले दूध संकलन नै रोक्न थालेको छ । उत्पादनको तुलनामा माग न्यून भएकाले किसानले उत्पादन गरेको दूध संकलन गर्न नसकेको सहकारी संघको भनाइ छ । संघले जिल्लाबाट दैनिक करिब ५० हजार लिटर दूध संकलन गरेर मकवानपुरसहित काठमाडौं उपत्यका, काभ्रे र पोखराका डेरी उद्योगलाई दूध बिक्री गर्दै आएको छ । दूधको माग कम भएपछि पाउडर दूध र नौनी बनाएर राख्ने गरिएको भए पनि भण्डारण स्थलको अभाव छ । उत्पादित दूध नबिक्नेमात्र होइन, बिक्री भएको दूधको बक्यौता पनि उल्लेख्य देखिन्छ । संघले दूध बिक्री गर्दै आएको डेरी उद्योगहरुसँग २७ करोड रुपैयाँ लिनुपर्ने र किसानलाई २५ करोड रुपैयाँ तिर्नुपर्ने देखिएको छ । संघमा आवद्ध भएका ५३ सहित ६१ वटा सहकारी संस्थाबाट ४१ वटा चिस्यान केन्द्रमा संकलन भएको दूध संघले उद्योगसम्म पठाउने गरेको छ । दूधको उपभोक्ता मूल्य वृद्धि भए पनि बिक्री कम हुँदा किसान समस्यामा परेका हुन् ।

बागमती प्रदेश सरकारले पनि प्रदेशलाई आर्थिक वर्ष २०८०/०८१ सम्ममा माछा, मासु, अण्डा, दूधमा आत्मनिर्भर बनाउने भन्दै पशुपालनमा अनुदान वितरण गर्दै आएको भए पनि प्रभावकारी हुन सकेको छैन । त्यतिमात्र होइन, प्रदेश सरकारले यसै आर्थिक वर्षभित्र फलफूल, तरकारी, पुष्प, मह, च्याउलगायत कृषि उत्पादनमा पनि आत्मनिर्भर हुने लक्ष्य राखेको थियो । आगामी आर्थिक वर्षसम्म प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने घोषणासमेत गरेको थियो । प्रदेशकै सिको गर्दै स्थानीय सरकार ले पनि दूधमा अनुदान दिइरहेका छन् । अहिलेको अवस्थामा किसानलाई अनुदानभन्दा उचित बजारीकरणको आवश्यकता देखिएको छ । किसानले उत्पादन गरेको दुग्ध पदार्थ र अन्य कृषिजन्य वस्तुको उचित मूल्यमा बिक्रीको ग्यारेन्टी सरकारले नगरेसम्म उत्पादन खेर जाने अवस्था बन्नेछ । यसका लागि प्रदेश र स्थानीय तहले कृषि उत्पादनको बजार वा न्यूनतम मूल्यको ग्यारेन्टी गर्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सामाजिक दायित्व वृद्धि हुने समय योग छ ।
**वृष** : पढाई–लेखाई ठिकै रहने समय योग छ ।
**मिथुन** : भ्रमण योगको विशेष लाभ प्राप्त हुनेछ ।
**कर्कट** : कर्मफल राम्रो प्राप्त हुने समय योग छ ।
**सिंह** : जोखिमपूर्ण काममा विचार पुर्‍याएर हिँड्दा राम्रो ।
**कन्या** : अध्ययन–अध्यापन मध्यमकारक रहला ।
**तुला** : प्रतिस्पर्धीहरु पराजित हुने समय योग छ ।
**वृश्चिक** : अध्ययन–अध्यापनका काममा सरिक भइने छ ।
**धनु** : ताकेका र चिताएका कामहरु पूर्ण हुने छन् ।
**मकर** : पराक्रम र साहसले काममा पूर्णता प्राप्त होला ।
**कुम्भ** : धार्मिक एवम् सामाजिक कार्यमा सरिक भइने छ ।
**मीन** : परोपकारजन्य काममा दिन व्यतित हुने समय छ ।

# रुटिन अफ थरीथरी बन्द र देखासिकी संस्कृति

**प्रेम अरुलाई दिउँ र जिम्मेवारी आफू लिउँ। पाउनुपर्ने मात्र होइन, दिनुपर्ने पनि हिसाब राखौं। आफ्ना आवश्यकता घटाउँ र जिम्मेवारी बढाऔं। सफल हुनुभन्दा असल हुनु अझ बढी जरुरी छ। मान्छेको सबैभन्दा ठूलो लडाइँ आफैँसँग हो। संसारलाई जित्नु जरुरी छैन। पहिले आफूलाई जित्नु जरुरी छ।**



**कन्चनराज गिरी**



आजकल फेसबुक 'सर्च' गर्ने हो भने रुटिन अफ नेपाल बन्द नामका दुई सय भन्दा बढी फेसबुक पेज/ग्रुपहरू सञ्चालन भएको देखिन्छ। र, यो सङ्ख्या दिनहुँ बढिरहेको छ। आधिकारिक फेसबुक पेज केही समय अप्रकाशित रहेको थियो। यी फेक पेजहरूमध्ये धेरैले आफूलाई आधिकारिक पेज दावी गरेका थिए र आधिकारिक पेजकै शैली जस्ताको तस्तै पछ्याउँदै समाचारहरू दिइरहेका थिए।

त्यस्तै देशका विभिन्न साना-ठूला गाउँ-शहरका नामबाट रुटिन अफ ' बन्द नामक बग्रेल्ती पेजहरू पहिलेदेखि प्रचलनमा छँदैथिए। जबकि 'बन्द' भन्ने कुरा अहिले पहिले जस्तो प्रचलनमा छैन।

तर यहाँ चर्चा यो पेजको गर्न खोजिएको हैन, हाम्रो समाजले अँगाल्दै गइरहेको देखासिकी संस्कृति र यसका बहुआयामिक प्रभावको हो। के नेपाली समाज गतिहीन र असृजनशील हुँदै गइरहेको हो ? के नेपाली समाज 'स्यालहुइयाँ' मा बाँच्न अभ्यस्त बन्दै गइरहेको हो ?

काठमाडौं बस्दा जब म कार्यालयको लागि निस्कन्थें, गौरीघाट-मित्रपार्क उकालोमा प्रत्येक दिन एउटै दृश्य देखेर दिक्क हुन्थें। जब सडक जाम हुन्थ्यो, कुनै एउटा बाइक लगभग दुईहात चौडाइको फुटपाथमा कुद्न सुरु गर्थ्यो। त्यसलाई पछ्याउँदै अरु बाइक लस्करै भुरुरु कुद्न थाल्थे। फुटपाथ सबै बाइकहरूले ओगटेपछि पैदलयात्रीहरू सडकमा खाली बाटो खोज्दै अल्मलिइरहेका देखिन्थे।

बेलुका पेप्सीकोला-जडीबुटी सडक फुटपाथमा यस्तै दृश्य देख्दथें। काठमाडौंका भित्री सडकमा मान्छेहरूले जेब्राक्रसबाट बाटो काटेको कमै देख्न पाइन्छ। बाटो अन्धाधुन्ध काटिन्छन्। जेब्राक्रस नजिक आएपछि गाडीहरू रोकिंदैनन्, अझै हुँइकिन्छन्। अचम्म लाग्छ- यो देशमा दिनहुँ कैयौं सवारी दुर्घटना हुन्छन्, मान्छे मर्छन् तर हामीमा चेत कहिल्यै आउँदैन।

देशमा साक्षरता बढ्दै गएको भनिन्छ तर मान्छेहरू 'पानीका बोतल', 'चाउचाउ', 'चिप्स' 'झोला', फ्रुटीका खोलहरू जहीं-तहीं 'फ्यात्त फ्यात्त' फाल्छन्। विभिन्न संघसंस्था वा सरकारले पटक-पटक सरसफाइ अभियान सञ्चालन गर्ने गरेका छन्। तर त्यी नाममात्रका अभियानको रूपमा मात्रै सञ्चालित हुन्छन्। देखासिकी वा लहडमा चलाइएका। चलाउनका लागि मात्र चलाइएका। तिनीहरूबाट कुनै परिवर्तनको आशा राखिंदैन। ती अभियान हाम्रा दैनिकी बन्न सकेका छैनन्। अरुलाई दोष थोपर्दै अनेक बहाना बनाएर जथाभावी फोहोर फाल्न हामी अभ्यस्त छौं। यो देशका जनताले सरसफाइ गर्न कहिले सिक्ने ? अरुले सरसफाइ गरेन भनेर हामी आफू नगर्ने ? अरुसँग नभएको विवेक हामीसँग पनि छैन र ?

केही वर्ष अघिसम्म म सार्वजनिक यातायातबाट कार्यालय ओहोरदोहोर गर्दथें। कार्यालय समयको काठमाडौंको बसमा अत्यधिक भीड त हुने नै भयो। सम्भवतः काठमाडौंमा यात्रु सङ्ख्या सम्बन्धी मापदण्ड छैन, भए पनि पालना गरिंदैन।

बसमा ढोकाको भीडले बस चढ्नै गाह्रो हुने। सबै यात्रुहरू ढोकामै झुम्मिने- मानौं अघिल्लो स्टपमै ओर्लिनेछन्। बसमा अलिक भित्र सरेर सहजतापूर्वक बस्न कोही नचाहने। म त बसको पछाडिपट्टिसम्मै छिर्थें र आनन्दले बस्थें। कहिलेकाहीँ त सिट पनि पाउँथें। दुःख पाउन तयार हुने तर भीड छोड्न तयार नहुने नेपालीको रुचि म अझै पनि बुझ्न सक्दिनँ।

विदेशमा नेपालीले दुःख पाएका कथाहरू पटक-पटक सुनिन्छन् तर विदेश जानेको लर्को घट्न सकेको छैन। बाध्यतामा जानेहरूको अर्कै व्यथा होला तर ५०औं लाख ऋण गरेर पनि जो-कोही नेपाली विदेश जान लालायित छन्- अझ कतिपय अवस्थामा त ज्यानै जोखिममा राखेर पनि। त्यहाँ जुनसुकै काम गर्न तयार छन्, त्यही काम यहाँ गर्न कोही तयार छैनन्।

यहीं कृषि गर्न कोही चाहन्नन्। उद्यम गर्न कोही चाहन्नन्। जोखिम मोल्न कोही चाहन्नन्। खासमा प्रयास गर्न कोही चाहन्न। सीमित व्यक्ति जो चाहन्छन्, उनीहरूलाई सरकारले उत्साहित हुने वातावरण बनाउन सकेको छैन। जनमानसले देशमा स-सानो, नवीन काम गर्नेलाई उत्साह थप्दैन, हेलाहोचो गर्छ।

यो देशमा प्रायः सबै नेता बन्न चाहन्छन्। काम गर्ने होइन, पगरी भिर्ने नेता, कुनै 'भिजन' भएर होइन। पुराना नेताहरू शिलान्यास र उद्घाटन भन्दा माथि उठ्न सकेका छैनन्। धेरै शिक्षक पढाउन चाहँदैनन्, राजनीति गर्न चाहन्छन् -जागिर छोडेर होइन, जागिर खाँदाखाँदै। अनुशासन, इमानदारी र नैतिकता अब स्कुल/कलेजबाट सिकिन्न।

धेरै कर्मचारी काम गर्न चाहँदैनन्, कमाउन चाहन्छन्। वैधानिक रूपमा होइन, लुटेर, धुतेर- जसरी पनि। प्रायः जुनसुकै क्षेत्रका मान्छे यहाँ नपाएसम्म देश बिग्रियो भनेर कोकोहोलो मच्चाउने र पाएसम्म लुट्न, धुत्न, हडप्नन नै चाहन्छन्। र आफ्नै मानसिकताको प्रतिछायाँ अरुमा देख्छन्। अनि बुझ्दै नबुझी जुनसुकै विषयमा, जोसुकै मान्छेलाई सत्तोसराप गर्छन्।

त्यही भीड, त्यस्तै भीड सामाजिक सञ्जालहरूमा नकारात्मकता पोत्छ। कुनै पनि सकारात्मक विषयले महत्व पाउँदैन। नकारात्मक विषय छ भने 'धक्का मुक्की' नै गरे सरी गाली बर्सन्छ।

म मेरो सरकारी सेवाको अधिकांश समय 'खरिद' जस्तो आर्थिक क्रियाकलाप हुने ठाउँमा बसें। एक किसिमको शक्तिकै ओहोदामा बसें। यो देशको सरकारी कार्यालयको 'खरिद' भन्ने बित्तिकै प्रायः कर्मचारी-व्यापारीको मुखमा पानी र साइहाल्छ। मेरो ओहोदा देखेर, थाहा पाएर धेरैले परेली झिम्क्याउँथे, आँखा सन्काउँथे। अचम्मित हुन्थे- मह काढ्दा हात नचाट्ने भनेर !

झन्डै १० वर्षको सेवा अवधिमा मैले कोही मान्छे भेटेको छैन- जसले मलाई इमानदारीपूर्वक काम गर भनेर भनेको होस्। सबैको कुराको एउटै सार छ- 'लुट। खाउ। बरु सीधा नखाऊ- घुमाएर खाउ। मिलाएर खाउ। मिलाएर खाउ भन्नेको सार हो- हामीलाई पनि रोकटोक नगर। यस्तै हो यो देश- हामीले मात्र गरेर केही हुन्न।'

यो भीडमा मलाई कुद्नु छैन। मेरो जीवन हो। मेरा आवश्यकहरू सीमित छन्। संसारका अमूल्य चिजहरू जस्तै हावा, पानी, सास, प्रकाश, आनन्द, शान्ति र साँचो प्रेम मलाई निःशुल्क उपलब्ध छन्। घाम र पानी मिलेर इन्द्रधनुष बने जस्तै सुख र दुःख मिलेर जीवन बन्छ भन्ने तत्वबोध मलाई छ। मलाई आत्तिनुपर्ने केही छैन। म मेरो ब्रह्ममा लागेको कुरा मात्र गर्छु। मलाई विश्वास छ- मेरो गति र मति सत्य भएसम्म, मेरो रथ श्रीकृष्णले नै चलाउने छन्।

देशको यस्तै भद्रगोल, अस्तव्यस्तता र निराशाबीच तीन स्वतन्त्र व्यक्तिहरू देशका तीन ठूला स्थानीय तहहरूको नेतृत्वमा आए। शायद उनीहरू पनि जनताको निराशाको लहडमै चुनाव जितेर आए। तर सुरुवाती वर्ष उनीहरूले आशा जगाए, काम गर्ने ठूलो हुटहुटी पनि देखाए। उनीहरूका काम पुराना दलका नेताहरूभन्दा फरक र प्रभावकारी पनि देखियो।

बालेन शाहको शैक्षिक सुधार, अनधिकृत घर टहरा भत्काउने, पार्किङ व्यवस्थापन, अतिक्रमित सार्वजनिक जग्गा तथा खोला पुनर्प्राप्ति गर्ने जस्ता काम साहसिला थिए, जनमानसमा असाध्यै लोकप्रिय भए। हर्क साम्पाङले श्रम अभियानको सफलताबाट धरानको पानीको समस्यालाई धेरै हदसम्म व्यवस्थापन गरेका छन्।

चर्चामा पछि रहेका गोपाल हमाललाई जनमानसले युवा स्वीकारेको छैन, तर उनको जुझारूपन कुनै युवाभन्दा कम छैन। सबैसँग समन्वय गर्दै उनले अझै परिपक्व कामहरू गरेका छन्। बालेन शाहको निर्णय क्षमता, हर्क साम्पाङको श्रमदान र सक्रियता र गोपाल हमालको शालीनता र समन्वयको खुबी कुनै पनि नेताले अँगाल्नैपर्ने गुण हुन्।

देशले आशाको रूपमा हेरेका यी नेताहरूमध्ये बालेन शाह र हर्क साम्पाङ भने पछिल्लो समय विवादित बन्दै गएका छन्। बालेनलाई फुटपाथ व्यापारीहरूप्रति संवेदनाहीन भएको आरोप लागिरहेकै थियो। 'सरकार र अदालतलाई दलाल' घोषणा गरेर नमान्ने धम्की दिएका उनले 'सरकारलाई चोर' करार गर्दै नेताहरूलाई 'बाग्मतीमा चोबल्ने'देखि 'सिसडोलमा डम्प गर्नुपर्ने' जस्ता अराजक अभिव्यक्ति दिएका छन्। हर्क साम्पाङको बोली त पहिल्यैदेखि सुनिसाध्य थिएन। उनी विपक्षीप्रति असहिष्णु भएको, आफ्नो अहंकार नियन्त्रण गर्न नसकेको र हलुका रूपमा प्रस्तुत भएको देखिन्छ।

सकारात्मक विषयले खासै महत्व नपाउने हाम्रो समाजमा बालेन र हर्क साम्पाङले लोभलाग्दो लोकप्रियता हासिल गरेका थिए। जनमानस उनीहरूको स्तुतिगानमा मुग्ध थियो। केही अघिसम्म उनीहरूविरुद्ध बोल्नु नै सामाजिक बहिष्करण हुनुसरह थियो जुन सही थिएन।

उनीहरूका कामलाई गुण र दोषका आधारमा समर्थन गरिनुपर्थ्यो। तर भीडको पछि लाग्ने हाम्रो समाजले उनीहरूको एकछत्र र बेहिसाब समर्थन गर्‍यो। जसका कारण उनीहरूमा उग्रता र उत्तेजना बढ्दै गएको देखिन्छ। लाखौं समर्थक भएका उनीहरूले आफ्नो प्रभाव जनतामा 'आशा र सकारात्मक सोच' जागृत गर्न उपयोग गर्नुपर्ने हो।

आफ्नो आक्रोश र उग्रता रोक्न नसक्दा जनतामा टुसाउँदै गरेको आशा अब तुषारापात हुने खतरा बढेको छ। 'आक्रोश' कोइलाको लप्का हो जसलाई हातमा राखेर अरुलाई आक्रमण गरिन्छ भने आफ्नै हात कालो हुन्छ, आफैंलाई पोल्न सक्छ।

यी सबै कुराहरूले के देखाउँछ भने नेपाली समाज साक्षर मात्र हुँदै गएको छ, शिक्षित हुँदै गएको छैन। शिक्षित समाजले आफ्नै विवेक प्रयोग गर्छ, भीडको पछि कुद्दैन। अक्षर चिन्नु र ज्ञान प्राप्त गर्नु फरक-फरक कुराहरू हुन्। किताब मात्र पढेर हुँदैन, जीवन पनि पढ्नुपर्छ। बोल्न पनि सिक्नुपर्छ।

हामीसँग दुई कान छन् र एउटा मुख। त्यसैले ज्यादा सुन्नुपर्छ। कम बोल्नुपर्छ। बोल्नुअघि सोच्नुपर्छ। कुराहरु अनुमान गर्ने होइन, तथ्यहरू पहिले रुजु गर्नुपर्छ- अनि बोल्नुपर्छ। बोल्ने निर्णय गरिसकेपछि अल्पमतमा परिने डर त्याग्नुपर्छ। लाइक्स र कमेन्टको लागि बोल्ने होइन। सत्य र न्यायका लागि बोल्नुपर्छ।

सहीलाई सही र गलतलाई गलत भन्न सक्ने क्षमता विकास गर्नुपर्छ। सही कुरा बोलियो भने आफूलाई चिरकालीन सन्तुष्टि मिल्छ। सही जीवन बाँचिएको छ भने जीवनमा फर्केर पनि लाइक कमेन्ट्स आउने नै छ।

आफ्नो जीवनको मूल्य बुझ्नुपर्छ। आफ्नो जीवनको लक्ष्य पत्ता लगाउनुपर्छ। लक्ष्य विना कर्म बेकार छ। लक्ष्य भएपछि हिंड्न मन लाग्छ। बाटो अलमलिंदा फर्कने साहस मिल्छ। लक्ष्यविहीन जीवनमा सुख क्षणिक हुन्छ। जब जीवनको लक्ष्य थाहा हुन्छ तब दुःख पनि उत्सव हुन्छ, सुख चिरकालीन हुन्छ। ठूलै लक्ष्य लिइएको छ भने जिते कप्तान बनिनेछ र हारे सल्लाहकार। कहिल्यै पछुताउनुपर्ने छैन।

जीवनमा थोरबहुत सुरक्षा हुनु त राम्रै हो तर प्रकृतिको नियममा सुरक्षा हुँदैन। जोखिम नै प्रकृतिको नियम हो। उद्यम गर्नु भनेकै जोखिम लिनु हो। उद्यमशील बन्नु एकदमै प्राकृतिक कुरो हो। सकेसम्म देशमै उद्यमशील बनौं। श्रमको सम्मान गरौं। जीवनमा आफ्नो काम गर्नु वा अरुले नगरेको काम जत्ति सन्तुष्टिदायक केही हुँदैन।

आफ्ना बच्चाहरूलाई अनुशासन, इमानदारी र नैतिकता सिकाउँ। हामी जस्तो सोच्छौं, त्यस्तै बन्दै जान्छौं। त्यसैले सकारात्मक सोचौं। आज हामी प्रेम चाहिं आफूले पाउनुपर्ने र जिम्मेवारी चाहिं अरुले निभाइदिनुपर्ने मानसिकता बोकेर बाँचेका छौं।

प्रेम अरुलाई दिउँ र जिम्मेवारी आफू लिऊँ। पाउनुपर्ने मात्र होइन, दिनुपर्ने पनि हिसाब राखौं। आफ्ना आवश्यकता घटाउँ र जिम्मेवारी बढाऔं। सफल हुनुभन्दा असल हुनु अझ बढी जरुरी छ। मान्छेको सबैभन्दा ठूलो लडाइँ आफैंसँग हो। संसारलाई जित्नु जरुरी छैन। पहिले आफूलाई जित्नु जरुरी छ।

*(स्रोतः अनलाईनखबर)*

# “शिक्षकका मागहरुलाई सरकारले वेवास्ता गरेकाले सडक आन्दोलन”



गणेश हुमागाई
अध्यक्ष, शिक्षक संघ मकवानपुर

नेपाल सरकारले विभिन्न क्षेत्रका व्यक्ति, संघ, संस्था वा समूहसँग विभिन्न सन्दर्भमा सम्झौता गरिरहेको हुन्छ । तर, ती सम्झौताहरुले कार्यान्वयनको अवसर पाउनेमा भने प्रशस्त आशंका व्यक्त गर्ने गरिएको छ । असोज पहिलो साता काठमाडौंको माइतीघर मण्डलामा आन्दोलित शिक्षकहरुका माग पूरा गर्न सरकारलाई बाध्य बनाएपनि यसबाट तत्काल शिक्षकहरुले लाभ हासिल हुने अवस्था नरहला । शिक्षक आन्दोलनमै सहभागी नेपाल शिक्षक महासंघ मकवापुरका अध्यक्ष गणेश हुमागाईसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा शर्माले गर्नुभएको कुराकानीको सम्पादित अंश:

**समाज: शिक्षक महासंघको आन्दोलनको शुरूवाती चरण के-कस्तो रह्यो ? अहिले के भइरहेको छ ?**

**हुमागाईः** शिक्षक महासंघले सरकारसमक्ष विभिन्न मागहरु अगाडि सारेको थियो । विद्यालय शिक्षा विधेयक संसदमा प्रस्तुत गर्ने सन्दर्भमा महासंघले चरणबद्धरुपमा स्थानीय, जिल्ला र प्रदेश तहमा खबरदारी गरेको थियो । त्यसपछि सम्बन्धित निकाय तथा पक्षसँग छलफल गरेर महासंघको मागप्रति सकारात्मक रहेको र त्यसलाई पनि समावेश गर्ने भनेपछि विधेयक संसदमा प्रस्तुत भएर सार्वजनिक भयो । तर शिक्षक महासंघले उठाएका धेरैजसो मागहरु नसमेटिएको जानकारी पाएपछि महासंघले काठमाडौं केन्द्रित आन्दोलनको घोषणा गऱ्यो । त्यसैअनुसार देशैभरिका शिक्षकहरु काठमाडौंमा उपस्थित भएर माइतीघर मण्डलादेखि बानेश्वरसम्म लगातार ३ दिन आन्दोलन भयो । शिक्षकहरुको उपस्थिति दिनदिनै बढ्दै गयो । त्यसैक्रममा सरकारले पत्र पठाएर वार्ताका लागि आह्वान गरेको हुनाले शिक्षक महासंघले वार्ता र आन्दोलन दुवैलाई सँगसँगै अगाडि बढायो । सरकार र शिक्षक महासंघबीच असोज ५ गते वार्ता भयो । वार्तामा शिक्षक महासंघ र सरकारबीच समझदारी भएपछि महासंघले आन्दोलन रोक्यो ।

**समाज: नेपाल सरकार र शिक्षक महासंघबीच भएको वार्तामा के कस्ता सहमतिहरू भयो ?**

**हुमागाईः** वार्तामा शिक्षक महासंघले अगाडि सारेका मागहरुमा सरकारले सहमति जनाएको थियो । महासंघले अगाडि सारेका ५१ बुँदे माग, ३० बुँदे माग, शिक्षा विधेयकमा सच्याउनुपर्ने १८ वटा बुँदाहरुमध्ये ७ वटा बुँदाहरु सच्याउन सरकारले सहमति जनाएको छ । त्यसैगरी महासंघले उठाएको मर्यादाक्रम, सरुवा बढुवा, शिक्षकहरुको कार्यसम्पादन मुल्यांकन, अवकाश पछिका सुविधाहरु लगायतका विषयहरु शिक्षा विधेयकमा समावेश गर्न सरकार सहमत भएको छ ।

**समाज: सरकारले यति धेरै मागहरूमा सहमति जनाइसकेपछि पनि शिक्षकहरू सन्तुष्ट हुन नसक्नुको कारण के हो ?**

**हुमागाईः** महासंघले अगाडि सारेका सबै मागहरु सम्बोधन गर्न नसक्नु सरकारको पनि बाध्यता नै होला । सरकारले सतप्रतिशत माग सम्बोधन गरेन भनेर सधै विद्यालय बन्द गरेर आन्दोलन गर्नु पनि राम्रो होइन । त्यसकारण पनि महासंघले यत्तिको सहमतिमै आन्दोलन रोक्ने निर्णय लिएको हो । यसमा केही शिक्षक साथीहरु असन्तुष्ट हुनु स्वभाविक हो । त्यो सहमतिमा असहमत जनाउदै केही साथीहरु अहिले पनि आन्दोलनरत छन् । महासंघ र सरकारले गरेका सहमतिलाई संस्थागत गर्नुका साथै कार्यान्वयन गर्नतर्फ लाग्नुपर्छ । सहमति हुन बाँकी मागहरु अर्को चरणको कार्यक्रममार्फत पूरा गर्न सकिन्छ जस्तो लाग्छ ।

**समाज: यो सहमतिमा असन्तुष्टि हुँदै अहिले पनि आन्दोलनरत शिक्षकहरूको माग पूरा हुने सम्भावना कति छ ?**

**हुमागाईः** आन्दोलनरत शिक्षकहरुको मागमा हाम्रो पनि समर्थन र ऐक्यबद्धता छ । सरकारले न्युनतम शैक्षिक गुणस्तरको मापदण्डलाई कायम गरेर मर्कामा परेका शिक्षकहरुको आवश्यक माग पूरा गर्नुपर्छ । आन्दोलन शिक्षकहरुको माग पूरा गर्ने नगर्ने सबै अधिकार सरकारसँग नै छ । अहिले हामीले अन्दाज भन्न सक्ने अवस्था छैन ।

**समाज: संसदमा विधेयक प्रस्तुत गर्नुभन्दा अगाडि नै महासंघ र सरकारबीच यी मागहरूमाथि छलफल गरी सहमति भएको भए अहिले यो आन्दोलन गर्नुपर्ने नै थिएन होला कि ?**

**हुमागाईः** शिक्षक महासंघको मागहरु सम्बोधन गर्ने भनेर महासंघ र सरकारबीच विगतमा ५१ बुँदे र ३० बुँदे सहमतिहरु भएका थिए । विगतमा सरकारले नै हस्ताक्षर गरेका सहमतिहरु सम्बोधन नगरेकोले विगतमा भएका ती सम्झौता तथा सहमतिहरुलाई सम्बोधन गरी कार्यान्वयन गर्नका लागि नै हामीले यो आन्दोलन गरेका हौं । हामीले कुनै नयाँ मागहरु ल्याएर आन्दोलन गरेका होइनौं । यो पनि एकैचोटी सडक आन्दोलन भएको होइन । हामीले चरणबद्धरुपमा सबै तहहरु, सम्बन्धित निकाय र पदाधिकारीहरुलाई जानकारी र खबरदारी गर्दा पनि हाम्रा मागहरुलाई सरकारले वेवास्ता गरेकाले यो सडक आन्दोलन भएको हो ।

**समाज: आन्दोलनको क्रममा तपाईको भूमिका के रह्यो र के कस्ता समस्याहरू आइपऱ्यो ?**

**हुमागाईः** शिक्षक महासंघले गरेको यो आन्दोलन शान्तिपूर्ण थियो । महासंघको निर्देशन अनुसार निषेधित घेरा नतोड्ने, कुनै बलजफती नगर्ने, उग्र नाराहरु नलगाउने, शिक्षकको अधिकारको विषय मात्र उठाउने भनेका थियौं । आन्दोलनको क्रममा सामान्य समस्या बाहेक केही समस्या आइपरेन । त्यसैअनुसार नै ३ दिनसम्म नै आन्दोलन व्यवस्थितरुपमा चलेको थियो । हामी शिक्षकहरुको तर्फबाट त्यस्तो उग्र र अभद्र कार्यहरु भएन । र सुरक्षामा खटेका प्रहरीहरुले पनि अभद्र व्यवहार गरेनन् । समग्रमा आन्दोलन शालिन, शान्तिपूर्ण र भद्र भयो ।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

## Makawanpur Bal Bidya Sadan

Second Terminal Examination Schedule-2080

आदरणीय अभिभावक ज्यू,
यस विद्यालयको दोस्रो त्रैमासिक परीक्षा यही मिति २०८० असोज २६ गते देखि कार्तिक ३ गते सम्म निम्न तालिका बमोजिम सञ्चालन हुने व्यहोरा यसै पत्र मार्फत जानकारी गराउँदछौं ।

| Class / Date | Nur. | LKG & UKG | One | Two | Three | Four | Five | Six | Seven | Eight | Nine | Ten |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Asoj 26 | English Written + Oral | Math | Nepali | Nepali | English | Science | Math | Math | Nepali | सामाजिक | Science | Math |
| Asoj 28 | Nepali Written + Oral | English | Math | English | Science | Nepali | English | सामाजिक | Math | Science | Math | Nepali |
| Asoj 29 | Math written + Oral | Nepali | English | सेरोफेरो | Nepali | English | सामाजिक | Nepali | English | Computer + Opt. Math | Nepali | Science |
| Asoj 30 | Conversation | Science + Social (Theme) | English Grammar | Math | English Grammar | Computer + Health | Science | Computer + Health | सामाजिक | Math | English | Computer |
| Kartik 1 | Coloring | Drawing + Coloring + Conversation | सेरोफेरो | English Grammar | सेरोफेरो | English Grammar | Nepali | English | Science | Health | Computer | English |
| Kartik 2 | - | - | Drawing + Coloring + Conversation | Drawing + Coloring | Math | सामाजिक | English Grammar | Science | English Grammar | English | Social | Opt. Math/E.Sci |
| Kartik 3 | - | - | - | - | Drawing + Coloring | Math | Computer + Health | English Grammar | Computer + Health | Nepali | E.Science | Social |

अभिभावक ज्यूहरुमा अनुरोध

- कक्षा नर्सरी देखि कक्षा ५ सम्मको परीक्षा बिहान १०:०० देखि १:०० बजेसम्म र कक्षा ६ देखि १० सम्मको परीक्षा दिउँसो १:०० बजेबाट सञ्चालन हुने हुँदा सोही अनुरुप आफ्ना साना बालबालिका लिन आउन हुन ।
- आफ्ना बालबालिकाहरुलाई परीक्षाका लागि तयार हुन नियमित अध्ययन कार्यमा सहयोग प्रदान गर्न हुन ।
- परिक्षाको नतिजा २०८० कार्तिक २४ गते शुक्रबार दिनको १०:०० बजे देखि १:०० बजे सम्म अभिभावकको प्रत्यक्ष उपस्थितिमा मात्र वितरण गरिने हुनाले अनिवार्य उपस्थिति जनाईदिन हुन ।

**नोट # अभिभावक ज्यूहरुको सहजताको लागि विद्यालयको लेखा शाखा असोज २५ गते बिहिबार बिहान १०:०० बजे देखि दिनको ४:०० बजे सम्म खुला रहने छ ।**

**अन्य जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नहुन समेत अनुरोध गरिन्छ । (सम्पर्क नम्बर :- ९८५५०१३९७७, ९८४०५०४४४६)**

**आदरणीय अभिभावकज्यू,**

**अनिवार्य शुल्क भूक्तानी गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा विद्यालयको शूल्क भूक्तान समयमा नै नहुँदा विद्यालयको कार्य संचालनमा बाधा पुग्न गएकोले र साथै यस विद्यालयको दोस्रो त्रैमासिक परीक्षा यही मिति २०८० असोज २६ गतेदेखि सञ्चालन हुने हुँदा आफ्ना नानीबाबुहरुलाई सो अनुरुपनै परीक्षाको तयारी गराउनुहुन र साथै परीक्षामा सामेल हुनका लागि २०८० असोज महिनासम्मको सम्पूर्ण शुल्कहरु तथा परीक्षा शुल्क समेत बुझाई अनिवार्यरुपमा प्रवेश पत्र लिनहुन अनुरोध गरिन्छ ।
यहाँका नानीबाबुको शैक्षिकसत्र २०८० को हालसम्मको सम्पूर्ण शुल्कहरु बुझाउनु भएका अभिभावकहरुलाई कृतज्ञता व्यक्त गर्दै बुझाउन बाँकी रहनु भएका अभिभावकहरुलाई सम्पूर्ण शुल्कहरु यही असोज २१ गते भित्र बुझाई विद्यालयलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ । अभिभावकज्युहरुको सहजताका लागि विद्यालयको लेखा शाखा शनिबार पनि खुल्ला रहने व्यहोरा जानकारी गराइन्छ ।

**नोट**: थप जानकारीका लागि ९८५५०१३९७७ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**विद्यालय प्रशासन**


## रिगलको कैद मिनाहा प्रकरण

# सर्वोच्चले माग्यो राष्ट्रपतिको निर्णय

काठमाडौं: सर्वोच्च अदालतले ज्यान मुद्दामा जन्मकैदको सजाय पाएका योगराज ढकाल रिगलको कैद मिनाहा गर्ने राष्ट्रपति कार्यालयको निर्णय झिकाउन आदेश दिएको छ । बिहीबार न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले ३ असोजमा रिगलको कैद मिनाहाको सम्बन्धमा राष्ट्रपति रामचन्द्र पौडेलले गरेको निर्णयसहितको सम्पूर्ण सक्कल असोज २४ गतेभित्र पेश गर्न आदेश दिएको छ ।

‘प्रत्यर्थी रिगल ढकालको हकमा मिति २०८०/०६/०३ मा सम्माननीय राष्ट्रपतिज्यूद्वारा माफी मिनाहा सम्बन्धमा भएको निर्णयसहितको सम्पूर्ण सक्कल मिसिल जो जुन निकायमा रहेको छ, सो निकायबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत २०८०/६/२४ भित्र झिकाउनू’ सर्वोच्चको आदेशमा भनिएको छ । संविधान दिवशका अवसरमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति पौडेलले ६७० जनाको कैद माफी मिनाहा गरेका थिए । कैद माफी पाउनेमा व्यक्ति हत्याको मुद्दामा सजाय भोगिरहेका बाँकेका योगराज ढकाल रिगल पनि रहेका छन् ।

नेपालगञ्जका चेतन मानन्धरको हत्या गरेको ठहर गर्दै उनलाई उच्च अदालतको नेपालगञ्ज इजलासले उनलाई जन्मकैदको सजाय सुनाएको थियो र उनी दाङ कारागारमा कैद सजाय भोगिरहेका थिए । राष्ट्रपतिको निर्णयपछि उनी रिहा भएका छन् । उनी रिहा भएपछि चेतनकी पत्नी भारती शेर्पाले आफ्ना पतिको हत्यार लाई गैरकानुनी रुपमा कैद छुट दिएको भन्दै सर्वोच्च अदालतमा रिट दिएकी थिइन् । सो रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले विपक्षीहरुलाई २४ असोजसम्म लिखित जवाफ पेश गर्न आदेश दिएको छ ।

यो मुद्दा छिटोछरितो निरुपण गर्नुपर्ने देखिएकाले २५ असोजमा पेशी तोकेर अग्राधिकार दिई त्यसै दिन सुनुवाइको व्यवस्था गर्न र त्यस दिन आकस्मिक बिदा परेमा वा अन्य कारणले इजलास नलाग्ने भए भोलिपल्ट सुनुवाइको व्यवस्था गर्न आदेश दिक्षएको छ । सर्वोच्चले यो मुद्दामा बहसका लागि महान्यायाधिवक्तालाई आफैं उपस्थित हुन आदेश दिएका छन् । कैद छुट र सजाय माफीमिनाहाको निर्णयमा महान्यायाधिवक्ताले पनि कानूनी राय दिनुपर्छ । सर्वोच्चले रिगलको मुद्दामा उनले सर्वोच्च अदालतमा पेश गरेको पुनवेदनपत्र र त्यसको मिसिल पेश गर्न पनि आदेश दिएको छ । स्रोतः अनलाइनखबर ।

# नर्वेली लेखकलाई नोबेल साहित्य पुरस्कार

काठमाडौंः यस वर्षको नोबेल साहित्य पुरस्कार नर्वेली लेखक योन फसलाई दिइने भएको छ । बिहीबार रोयल स्विडिस एकेडेमीले एक समारोहबीच यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कार फोसलाई दिने घोषणा गरेको हो । एकेडेमीले लेखक फसलाई ’नभनिएका वा भन्न नसकिने कुरालाई प्रयोगात्मक नाटक तथा गद्यबाट आवाज’ दिएका कारण नोबेल साहित्य पुरस्कार दिइएको जनाएको छ ।

एकेडेमीका अनुसार फसको शैलीलाई ’फस मिनिमलिज्म’ भनेर समेत चिनिने गरेको छ ।’ वेकफुलनेस’, ’मेलांकोलिया’, ’मेलांकोली’, ’सेप्टोलोजी’ लगायतका फसका चर्चित पुस्तक हुन् । एकेडेमीले फसको लेखनशैलीको प्रशंसा गर्दै भनेको छ, ’योन फस दैनन्दिनका यस्तो अवस्था प्रस्तुत गर्छन् कि जुन तत्काल नै हाम्रो जीवनबाट पहिचान हुन्छ ।’

नोबेल साहित्य पुरस्कार विजेताले १ करोड १० लाख स्विडिस क्रोनर(९ लाख ९७ हजार अमेरिकी डलर) र पदक प्राप्त गर्नेछन् । यस वर्षबाट पुरस्कार राशिमा १० लाख स्विडिस क्रोनर बढाइएको हो । गत वर्ष फ्रान्सेली लेखक यानी अर्नोलाई नोबेल साहित्य पुरस्कार दिइएको थियो । नोबेल कमिटीले लेखकीय साहसका लागि अर्नोलाई साहित्य पुरस्कार दिएको बताएको थियो । *स्रोतः इकान्तिपुर ।*


स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

◌ स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
◌ नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम,
बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३



पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को

**सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौं साधारणसभा तपसील बमोजिम आयोजना गरिएकोले उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिएकोले सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि जानकारी गराइन्छ ।

मिति: २०८०/०६/२० गते
समय: बिहान ११:०० बजे
स्थान: क्लब हेटौंडा पार्टी प्यालेस
हेटौंडा-४,

**अध्यक्ष**
**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, मकवानपुर**





### नागस्वती भेट्रान्स फुटबल

# सेमिफाइनल समीकरण पूरा



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी नागस्वती भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । हेटौंडा-१६ स्थित हटिया रंगशालामा ४ वटा क्वाटरफाइनल खेलहरु सम्पन्न भएसँगै सेमिफाइनल समीकरण पूरा भएको हो ।

बिहीबार भएको पहिलो क्वाटर फाइनल खेलमा चितवन भेट्रान्सले जोर पाटी भेट्रान्स काठमाडौंलाई २-१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । दोस्रो क्वाटरफाइनल खेलमा एनआरटी भेट्रान्स काठमाडौंले बगरभाइ खलक भेट्रान्सलाई १-० गोल अन्तरले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको हो ।

तेस्रो क्वाटरफाइनल खेलमा आयोजक नागस्वती भेट्रान्स 'ए'ले अभिषेक चर्च भेट्रान्सलाई टाइब्रेकरमा २-१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। अन्तिम क्वाटरफाइनल खेलमा आयोजक नागस्वती भेट्रान्स 'बी'ले एससी सेलिङ काठमाडौं भेट्रान्सलाई २-० गोल अन्तरले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको हो ।

आज शुक्रबार सेमिफाइनल खेलहरु हुनेछ । प्रतियोगिताको फाइनल शनिबार दिउँसो ३ बजे हुने आयोजकले जनाएको छ ।

१६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख १ हजार रुपैयाँ र उपविजेता टिमले १ लाख १ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको नागस्वती भेट्रान्स क्लबका अध्यक्ष सोमबहादुर तितुङले जानकारी दिनुभयो ।

## कक्षा ११, १२ को प्रथम त्रैमासिक परीक्षा सुरु

समाज संवाददाता

हेटौंडाः कक्षा ११, १२ का विद्यार्थीहरुको प्रथम त्रैमासिक परीक्षा सुरु भएको छ । हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा बिहीबारदेखि परीक्षा सुरु भएको हो ।

साउन ७ गतेदेखि कक्षा ११ र १२ को पढाइ सुरु भएको थियो । यो परीक्षा क्याम्पसले आफैं आन्तरिकरुपमा लिने परीक्षा हो । हेटौंडा उपमहानगरपालिकाको भूटनदेवी माध्यमिक विद्यालयमा पनि कक्षा ११ र १२ को प्रथम त्रैमासिक परीक्षा सञ्चालन भइरहेको छ। विद्यालयमा सिभिल इन्जिनियरिङ, विज्ञान र वाणिज्य विषयमा अध्ययन गर्ने कक्षा ११ र १२ का विद्यार्थीको त्रैमासिक परीक्षा गरिएको हो।

सिभिल इन्जिनियरिङको गत आइतबारबाट प्रथम त्रैमासिक परीक्षा सुरु भएको हो भने वाणिज्य तथा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीको परीक्षा बुधबारबाट सुरु भएको हो । आगामी असोज २४ गते कक्षा ११ र १२ का सबै विषयको परीक्षा सकिने बताइएको छ । हेटौंडा उपमहानगरपालिकाका अन्य विद्यालय तथा क्याम्पसले पनि दशैं विदाअघि कक्षा ११ र १२ को प्रथम त्रैमासिक परीक्षा सञ्चालन गर्ने तयारी गरिरहेका छन् ।

# हेटौंडा-१२ को वडा कार्यालय उद्घाटन




*वडा कार्यालय उद्घाटन गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडा कार्यालयको नवनिर्मित भवन उद्घाटन गरिएको छ । हेटौंडा-१२, पदमपोखरीको हात्तीगौंडामा बिहिबार नगर प्रमुख मीना कुमारी लामाले वडा कार्यालय भवन उद्घाटन गर्नुभएको हो । वडासचिव रामलाल थिङकाअनुसार ७० लाख रुपैयाँ लागतमा २ तले भवन निर्माण गरिएको हो ।

नवनिर्मित भवनको पहिलो तल्लामा ४ कोठा रहेको छ भने दोस्रो तल्लामा एउटा कोठा र एउटा सभाकक्ष रहेको छ। सभाकक्षमा ५० जना अटाउन सक्ने रहेको वडा सचिव थिङले बताउनुभयो । २०७९ साल फागुन महिनामै निर्माण सम्पन्न भए पनि विद्युत जडान गर्न ढिलाई भएका कारण कार्यालय सार्न ढिलो भएको वडासचिवको भनाइ छ । विद्युत जडान गर्न ढिलाई भइरहेको विषयमा नगर प्रमुखलाई जानकारी गराएपछि एक सातामै विद्युत जडान भएको वडासचिव लामाले जानकारी दिनुभयो । वडा कार्यालय उद्घाटन कार्यक्रममा कार्यवाहक वडाध्यक्ष ज्ञानबहादुर श्रेष्ठ, नगर कार्यपालिका सदस्य रुक्मिणी गोङ्बा, राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, विद्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो । यसअघि वडा कार्यालय भाडाको घरमा सञ्चालन हुँदै आएको थियो । मासिक १५ हजार रुपैयाँ भाडा तिर्दै आएको वडा सचिव थिङले बताउनभुयो ।

# सिद्धार्थ माविमा शिक्षक-व्यवस्थापन बैठक हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच बैठक हुने भएको छ । आज शुक्रबार दुई घन्टीपछि विद्यालयको पठनपाठन स्थगित गरेर बैठक गर्न लागेको विद्यालयका सहायक प्रधानाध्यापक सागरप्रसाद खतिवडाले जानकारी दिनुभयो ।

हरेक शुक्रबार अतिररिक्त क्रियाकलाप गर्ने गरेको भए पनि यो शुक्रबार बैठक गर्न लागेको उहाँले बताउनुभयो। विद्यार्थीहरुको पढाइमा कसरी सुधार ल्याउने, परीक्षाको तयारी कसरी गराउने, विद्यार्थीहरुको सिकाई उपलब्धीमा कसरी सुधार ल्याउने भन्ने विषयमा छलफल गर्न अतिरिक्त क्रियाकलापका कार्यहरु स्थगित गरेर शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच बैठक गर्न लागेको उहाँले बताउनुभयो ।

शिक्षहरुले विद्यार्थीहरुलाई कसरी पढाउने, कुन विद्यार्थीहरुसँग कस्तो व्यवहार गर्ने, विद्यार्थीहरुलाई आफूप्रति कसरी आकर्षण गर्ने, कुन विषय कस्तो तरिकाले पढाउने भन्ने विषयमा छलफल गर्न बैठक राखिएको उहाँले बताउनुभयो । यस्ता बैठकहरु समय मिलाएर गर्ने गरेको उहाँको भनाइ छ ।

यसअघिको शुक्रबार कक्षाकोठामै नृत्य, गायन, वक्तृत्वकला प्रतियोगितालगायत कार्यक्रम गरिएको उहाँले जानकारी दिनुभयो । बाल दिवसको अवसरमा बेलुन दौड, गणित दौड, चकलेट दौड, वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ, दौड र भलिबल प्रतियोगिता गराएको उहाँले बताउनुभयो ।

# न्युजिल्याण्डको सानदार जित

एजेन्सीः ओपनर डेभन कन्वे र तेस्रो नम्बरका ब्याटर रचिन रविन्द्रको उत्कृष्ट शतकमा न्युजिल्याण्डले आइसिसी विश्वकप २०२३ को उद्घाटन खेलमा साविक विजेता इंग्ल्यान्डमाथि ९ विकेटको सानदार जित हात पारेको छ । जितका लागि २ सय ८३ रनको विजयी लक्ष्य न्युजिल्याण्डले ३६.२ ओभरमा १ विकेट गुमाउँदै पूरा गऱ्यो ।

न्युजिल्याण्डको जितमा डेभन कन्वे १ सय २१ बलमा १९ चौका र ३ छक्कासहित १ सय ५२ रनमा अविजित रहे । कन्वेको यो ओडिआई करिअरको पाँचौं र उत्कृष्ट प्रदर्शन हो । अर्का युवा अलराउन्डर रचिन रविन्द्र ९६ बलमा ११ चौका र ५ छक्कासहित १ सय २३ रनमा नट आउट भए । रविन्द्रको यो पहिलो शतक हो । ओपनर विल योंग साम करनको बलमा शून्यमै जस बटलरबाट क्याच आउट भएका थिए । त्यो समय न्युजिल्यान्डले १० रन जोडेको थियो ।

त्यसपछि कन्वे र रविन्द्रले २ सय ७३ रनको दोहोरो शतकीय अविजित साझेदारीका साथ सहज जित पक्का गराए । साम करनले ६ ओभरमा २ मेडनसहित ४७ रन खर्चेर २ विकेट लिए । अहमदाबादमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको इंग्ल्याण्डले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २ सय ८२ रन बनाएको थियो । उक्त योगफल जितको लागि पर्याप्त हुन सकेन । इंग्ल्यान्डका शीर्षक्रमका ब्याटर जो रुटले ८६ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक ७७ रनको योगदान दिएका थिए ।

रुट स्पिनर ग्लेन फिलिप्सको बलमा बोल्ड आउट भए । कप्तान जस बटलर ४२ बलमा २ चौका र २ छक्कासहित ४३ रनमा आउट भए । रुट बाहेक अन्य कुनैपनि ब्याटरले ठूलो इनिङ खेल्न सकेनन् । राम्रो सुरुवात गरेपनि ठूलो सर्टको चक्करमा विकेट लगातार गुमाएका थिए । ओपनर जोनी बेयरस्टो ३५ बलमा ४ चौका र १ छक्कासहित ३३ रन बनाउँदै आउट भएका थिए । अर्का ओपनर डेविड मलान १४, ह्यारी ब्रुक २५, मोईन अली ११, लियाम लिभिङस्टोन २०, साम करन १४ र क्रिस वोक्स ११ रनमा आउट भए । आदिल राशिद १५ र मार्क वुड १३ रनमा नटआउट रहे ।

न्युजिल्यान्डको जितमा तीव्र गतिका बलर म्याट हेनरीले १० ओभरमा ४८ रन खर्चेर ३ विकेट लिए । स्पिनर मिचेल सान्टनारले १० ओभरमा ३७ रन खर्चेर २ विकेट लिए । ट्रेन्ट बोल्टले १० ओभरमा १ मेडनसहित ४८ रन खर्चेर १ विकेट लिए । ग्लेन फिलिप्सले ३ ओभरमा १७ रन खर्चेर २ विकेट लिए । इंग्ल्यान्डले अब मंगलबार बंगलादेशसँग धर्मशालामा खेल्नेछ । न्युजिल्यान्डले दोस्रो खेल सोमबार नेदरल्यान्ड्ससँग हैदराबादमा खेल्नेछ । शुक्रबार नेदरल्यान्ड्स र पाकिस्तानबीच प्रतिस्पर्धा हुनेछ । *स्रोतः हाम्रो खेलकुद ।*

### विद्यालयस्तरीय फुटबल प्रतियोगिता

# उद्घाटन खेलमा ज्योति र निर्मल मावि भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा आज शुक्रबारदेखि विद्यालयस्तरीय फुटबल प्रतियोगिता सुरु हुँदैछ । प्रतियोगिताको उद्घाटन खेल हेटौंडा-१८ स्थित ज्योति मावि र हेटौंडा-१९ स्थित निर्मल माविबीच हुनेछ। आजै हुने दोस्रो खेलमा बागमती गाउँपालिकाको देवकी मावि र हेटौंडा-३ स्थित सनसाइन इंग्लिस बोर्डिङ स्कूल भिड्नेछ ।

हेटौंडा-६, गौरिटारस्थित रंगशालामा हुने प्रतियोगितामा २९ वटा विद्यालयको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल असोज २७ गते हुने मकवानपुर जिल्ला फुटबल संघले जनाएको छ । प्रतियोगिता आयोजनाका लागि पालिकाहरु र निजी क्षेत्रले पनि सहयोग गरेको छ । मकवानपुर जिल्ला फुटबल संघले बुधबार खेल तालिका सार्वजनिक गरेको हो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

दरवार एग्रोमार्टको
दशैं
बम्पर अफर
१0 असोज देखि कार्तिक ११ गते सम्मको अवधिमा एक पटकमा ५000।- वा सो भन्दा बदी रकमको सामाग्रीहरू खरीदमा लक्की-ड्र मार्फत ३ जोडीलाई पुरस्कार वितरण गरिने छ ।
पुरस्कारहरू
- १ दिन सौराहा टुर प्याकेज
- २ जोडी लाई डिनर प्याकेज
सम्पर्कः ९८४५४३८८६0/0५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

A.N.B. ELECTRONICS
Hetauda-4, Khopegalli
२0-२५% दशैं विशेष अफर



AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, DEEP FREEZER, COOlER तथा अन्य ईलेक्ट्रोनिक्स सामानहरू होलसेल मुल्यमा पाईन्छ ।
साथै AC, FREEZE, REFRIGERATOR, WASHING MACHINE, मर्मत गर्नुपरेमा तपाईको घरमै प्राविधिक उपलब्ध गराईनेछ ।
प्रोप्राईटरः अंकित ढकाल
९८५५0-६२९७७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ